
'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत २७

वर्ष ५, अंक ४ | बुद्ध सम्वत् २५६१ | ने.सं. ११३८ शिल्लाथ्व | वि.सं. २०७४ माघ १७ सिपुन्ही



भक्तपुर मुल्ढोकास्थित याथौ बहाःको रमणीय दृश्य

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ५ | अङ्क ४ | पूर्णांक २७ | नेसं ११३८ शिल्लाथ्व

शक सं. १९३९ | २०७४ माघ १७| बुद्ध सं. २५६१

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
गोपीकृष्ण प्रजापति
बालमुकुन्द बासुकला

विज्ञापन संकलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

मुद्रण
भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.
बानेश्वर, काठमाडौं
Email: arhattraimasik@gmail.com

सहयोग रू ३०। -


# सम्पादकीय


बौद्ध दर्शन अध्ययन समाजबाट प्रकाशित बौद्ध साहित्यिक पत्रिका अर्हत्ले यो अङ्कदेखि ५ वर्ष पार गऱ्यो । यो पत्रिकाले यहाँसम्म पाइला चाल्न सक्नुको श्रेय पाठक, लेखक तथा विज्ञापनदाता महानुभावहरूलाई जान्छ । सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुभएकोले नै पत्रिकाले आजसम्म निरन्तरता पाएको हो । आगामी अङ्कहरूको लागि पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

हालसम्मको अर्हत्ले विभिन्न किसिमका आरोह-अवरोह पार गऱ्यो । यसमा अर्हत् परिवार खुसी व्यक्त गर्दछौं । 'अर्हत्' भक्तपुर जिल्लाको पहिलो बौद्ध पत्रिका हो भन्ने कुरा मानिन्छ ।

हाम्रो समाज दुई वर्गमा विभाजित छ । यस वर्गभित्र आफूमात्र खाऔं, आफूमात्र लाऔं भन्ने निहित स्वार्थ बोकेका सौखिन मानव जाति छन् भने अर्को पु ैंदेखि नारकीय जीवन बिताइरहेका मानव जातिहरू रहेको हामीले अनुभव गर्दैछौं । जहाँ असमान रेखाहरू कोरिन्छन्, त्यहाँ विद्रोह, द्वन्द्व र अशान्ति हुन्छ । अशान्तिले मानव जातिभित्र दु:ख सिर्जना हुन्छ । यसकारण महामानव गौतम बुद्ध तृष्णा नै दु:खको कारण भएको उपदेश दिनुहुन्छ - 'तृष्णा नगर ।' के हामी सबैले तृष्णा त्यागन सके समाजमा शान्ति स्थाप ा हुँदैन र ?

-अस्तु !

# तृष्णाबाट मुक्ति



✍ भिक्षु अश्वघोष

भगवान बुद्धले भिक्षु जीवनलाई भविष्यसम्म पनि नैतिकतापूर्ण बनाइराख्न चार आधारभूत वस्तु १. चीवर (वस्त्र) २.पिण्डपात्र (खाना), ३. सयनासन (बासस्थान) र ४. गिलानपच्चय (औषधि) नभई नहुने नियम बनाउनुभएको थियो । यी चारवस्तु पूरा नभइकन भिक्षुहरूलाई आफ्नो नियममा टिक्न मुश्किल पर्छ । तर अचेल यी चार वस्तुमात्र पूरा भएर पुग्दैन, शिक्षा पनि अत्यावश्यक भएको छ । धेरैको विश्वासमा बुद्ध शिक्षाको मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो । मानिस सम्पूर्ण तृष्णाबाट मुक्त हुने अवस्था नै निर्वाण हो । मलाई लाग्छ- बुद्धले दुःखबाट मुक्त हुने कुरा मात्र भन्नुहुन्थ्यो । पछि आएर निर्वाण शब्द दार्शनिक शब्द प्रयोगमा आयो । निर्वाण शब्दलाई अबौद्ध दशर्नको स्वर्ग (मोक्ष) सँग तुलना गर्न सकिन्न । निर्वाणत्व प्राप्त भईसकेपछि फेरि त्यसको जन्म हुँदैन ।

विश्वमा अशान्ति र तनाव बढ्नुको मुख्य कारण नै धनी र गरीबबीचको आर्थिक असमानता हो । असमानता रहेसम्म शान्ति स्थापना हुन सक्दैन । बुद्धले भन्नुभएको छ-धनी र गरीब दुबै वर्गलाई निर्वाण सुख प्राप्त हुन गाऱ्हो छ । किनकी धनी वर्गलाई विलासितापूर्ण जीवन प्रिय हुन्छ । र यस्ता मानिसहरू पैसाबाट पैसा तान्नमा व्यस्त भइरहन्छन् । उनीहरूलाई जति भएपनि नपुग्ने हुन्छ । रातारात करोडपति बन्ने इच्छा हुन्छ । पैसा धेरै हुँदा फेरि पीर र चिन्ता पनि भइरहन्छ । आफ्नो पैसा सरकारले जफ्त गर्ने हो कि चोरले चोरेर लाने हो कि वा आगलागी हुने हो भन्ने चिन्ता सधैं रहन्छ । त्यसैले धनी वर्गलाई निर्वाण पाउन गाऱ्हो छ । **'जिघच्छा परमा रोगा'** अर्थात् भोकलाग्नुजस्तो ठूलो रोग अर्को छैन । **'सब्बे सत्ता आहारटिठ्तिका'** अर्थात् सबै प्राणीहरू आहारमा निर्भर छन् । भोकाएको मानिसलाई धर्म र संस्कृतिसंग कुनै मतलव हुँदैन । शरीर बलियो नभइकन चिन्तनशक्ति बलियो हुँदैन । भोकाएको मानिसले जे पनि अपराध गर्न सक्छ । संस्कृतमा एउटा उक्ति छ **'बुभुक्षित: किं न करोति पापम्'** अर्थात जब दरिद्र र भोकाएको मानिसले खानपिनको लागि चोर्ने, लुटपाट गर्ने, बेइमानी काम गर्ने

जस्ता पापकर्म गर्दछन्। गरिबी र दरिद्रता नै अपराध र भ्रष्टचारको मूल कारण हो भनेर दीर्घनिकायको **चक्कवत्ति सिंहनाद** सूत्रमा उल्लेख गरिएको छ ।

गौतम बुद्ध मगधको मातुला भन्ने ठाउँमा बस्नुभएको बेला भिक्षुहरूलाई सम्बोधन गरेर धार्मिक राजा दल्हनेमीको कथा सुनाउनुभएको थियो । जनमुखी र धार्मिक प्रवृतिका भएकाले उनको प्रभाव राज्यमा बढेको थियो । उनीहरूको सातपुस्तासम्म धार्मिक रुपले (जनमुखी भएर) राज्य चलेको हुनाले जनता सुखी नै थिए । तर आठौं चक्रवर्ती राजाले स्वेच्छाचारी भई आफ्नै बुद्धिले तानाशाही राज्य चलाए । उनले प्रजाहरूका आर्थिक अवस्था सुधारको लागि ध्यान दिएनन्। त्यसैले राज्यको आर्थिक अवस्था कमजोर हुँदै गयो र दरिद्रहरूको संख्या झन् झन वृद्धि हुन थाल्यो । दरिद्रताको कारणले राज्यमा चोरी, डकैती, हत्या आदि बढ्यो ।

तर अचेल त घुस खाने र भ्रष्टाचार गर्नेहरू गरीब होइनन्, धनाढ्यहरू नै हुन्छन्। जति भए पनि नपुग्ने असन्तुष्टि तृष्णाले गर्दा दण्ड दिएर मात्र चोर, डाँका आदि अपराधीहरूको निर्मूल गर्न सकिँदैन । साँच्चै नै चोरी डकैती आदि अपराध हुन नदिनको लागि त मानिसहरूको जीविकोपार्जनको, इलमको बन्दोबस्त गरिदिनु आवश्यक छ भनी **दीघनिकायको कुटदन्त** सूत्रमा व्याख्या गरिएको छ ।

गौतम बुद्ध मगध घुम्न जानुभएको बेला एउटा आँपको बगैंचामा बस्नुभयो । त्यहाँ कुटदन्त नामक विद्वान ब्राह्मण महायज्ञ गर्ने भनी प्रतिज्ञा गरेर बसेका थिए । उनले बुद्धसमक्ष यज्ञको विषयमा स्पष्ट बुझाइदिन आग्रह गरे । बुद्धले यज्ञहोम विधिको व्याख्या गर्दै उहिले महाविजित भन्ने राजाको बारेमा बताउनुभयो । उनले आफ्ना ब्राम्हणकहाँ गएर आफू चारै दिशाको अधिपति भइसकेकोले हित सुख हुने र राज्य समृद्धिशाली पार्न कुन प्रकारको यज्ञ होम गर्नुपर्ला ? भनी सोधे । अनि राजालाई ब्राम्हणले सल्ला दिए-'राज्यमा चोर र डाँकाहरूले सर्वसाधारण जनतालाई ज्यादै सताइरहेकोले धेरै धन खर्च गरी यज्ञ गर्दैमा पुण्य कमाउन सकिँदैन ।' ब्राह्मणको कुरा सुनेर राजाले चोर, बदमासलाई पक्राउ गरी देशनिकाला गरिदिने, कठोर दण्डसजाय दिने मनसाय सुनाए । अनि ब्राहमणले भने- 'तर महाराज यसरी दण्ड सजाय दिँदैमा सबै अपराधलाई नष्ट गर्न सकिँदैन ।' यदि यसबाट उन्मुक्ति पाउने हो भने उनीहरूको आर्थिक अवस्था सुधार्नुपर्छ । यसका लागि कुनै व्यक्तिले खेतीपाती गर्ने इच्छा गरेमा त्यस व्यक्तिलाई खेतीका सामान र बीउबिजन दिएर सहयोग गर्नुपर्छ । व्यापार गर्न चाहनेलाई पूँजी दिएर, शिक्षितहरूलाई उपयुक्त खालको रोजगारी दिएर सहयोग गरेमा देशमा कसैले पनि दुःख पाउँदैनन् । सबैजना ‑‑-आप्ना काममा व्यस्त भएपछि नराम्रो कुरामा ध्यान ‑दने फुर्सत नै हुँदैन । त्यसपछि राज्यको समृद्धि झन् वृद्धि हुन्छ । सबैले सुखपूर्वक जीवनयापन गर्न पाउँछन् ।' राजा विजितले पनि पुरोहितको सल्लाहअनुसार काम गरे । त्यसपछि देशमा कहीं पनि अशान्ति भएन । कसैले कसैलाई सताएन । सबै आ-आफ्नो काममा तल्लीन ‑देखिए । सबैले निश्चित भई सुखपूर्वक जी‑नयापन गर्न थाले ।

-साभार : दिर्घायु हुने उपाय

# वंशवृक्ष-३

✍ चित्तधर हृदय

वीर वंशज शाक्य गणाया दूर्ग थें राष्ट्रीयता
ज्वीगु न्ह्याग्गुं कार्य यायत कस्तिहा थें एकता।
प्रथम सल्हां त:गु गुगुज्या थ:पिसं भाला कया:
पूर्ण याइगु प्राणपण उगु अमिसं मनतया:।
द्वेष छुं मदु अमि परस्पर ब्याक्क सम हे जूगुलिं,
'शाक्य भीपिं शाक्य राज्य थ्व' धैगु अमिसं स्यू थुलिं
शैव, वैष्णव, शाक्त आदिक विविध धर्मत गुगु दुगु
न्ह्याग्गु जूसां शुद्ध धर्मे च्वन्य दु अन गुगु यो उगु।
उगु सुराज्ये धबल निर्भर, गहन वन, निर्मल पुखू
राजधानी जा:गु वाकू, जाकिकू, धनया धुकू।
त:गु ग्वाया: ज्वीक जुजुया अन्तपुर हे रञ्जित
पाटया नायूगु सालुगु चित्रचित्रित वस्त्रत।
यक्व हे मू वंगु मणिया तेज मत थें थी छुथाय्
धाक्व लुँ, वह:, स्वर्णमुद्रा जा: ध्यवा, पाय्म्वह क्वथाय्
भव्य भवनत खन्यव हे उगु विभवया अनुमान जू
स्फ टक सदृशगु अति विशालगु अभ्र लिस्य गुगु ल्वा:हज
सा:गु फलया वृक्ष दुगु, वांला:गु स्वांमां पूर्णगु
इन्द्रया नन्दननिकेतन जोगु गथुया ज्या दुगु
थ:गु उगु उद्यान नृपतिं व्यर्थ थें खन सुत विना
ज्या: जुया: गृहत्याग याना: वन्यत खुलुखुलु मन मिना:
लोक सकलें ख: मिभ्भंग: शाक्यराज्य-अरण्यया
शीघ्र हे ख्वा: स्वेगु आशाय् कुल गगनया चन्द्रया।
लिथुम्ह रानी गौतमीया नं मचा मदया छुम्हं
मेम्ह छुम्ह रानी इही या धाय् मछाला: च्वन हनं।
छन्हु सभाय् ल्हा: बिन्ति याना: बृद्ध मन्त्री छुम्ह दना:
थुलि निवेदन यात याकन मा:गु कारण फुक क्यना:-
"सूर्यकुल अवतंश ! भी अबिछिन्न मनुया वंशया
क्षीण निश्चय याय् मज्यू, बरु मेम्ह रानीसां हया:"
थुगु वचन जुल बज्र थें जुजुयागु चित्त-महीरुहे
त:म्हरानी दय्व ल्वापुत ज्वी धका आपा गृहे
उचित उत्तर बीगु मदया: हृदय अति विभ्रम जुया:
पलख पृथिवी क्वच्छुना: च्वन दीर्घतां भ्रसुका: तया:।
शकमहीपतिया मलिन मुख विप्रवर छुम्हस्यां खना:
समय सीका: सत्य सल्हा: बिल सुधा सम वं दना:-
"शाक्यकुलमणि ! छाय् थपाय्चो छ:पिसं धन्दा कया !
दिव्य औषध, नियम संयमया परीक्षा छाय् मयाय् ?"
रामया बौयाता श्रृङ्गीवचन लिधंसा जूगु थें,
बूम्ह योद्धायात यद्वा प्राप्त आयुध जूगु थें,
जन्मबन्दीं आश खनि थें छ्यौं ल्ह्वना: शुद्धोदनं.
जूगु आज्ञा "ज्यूगु द:सा शीघ्र हे या यत्न नं"

"राजमहिषीपिन्त तय्मा: लच्छि अबुसं यंक हे,
भुंगु दाखं ज्वी मचाछ्यैं फ्वी थुकिं दा: ब्याक हे,
छ:पिसं नं शुद्ध रसया याय्गु सेवन मन तया:"
विज्ञ ब्राम्हणया थ्व वाक्यं गाक्क हे भलसा वया:
थ:गु वक्षस्थल ल्ह्वना वं मुसुक न्हिल द्विजरव्वा: स्वया:
"धन्य ब्राम्हण देवता ! थौं छिगु कृपा- चिकने दुना:
गंगु सिसियां तुल्य आशाया लताय् सुत-स्वां ह्वया:
ज्वीन कुसुमित कुञ्ज सुरभित राजगृह-आरामया"
गंगु सप्पा अगर सिंता चन्दनादि सिँ छ्वेकल
विविध वृहि घ्यो धार हाय्का: मा:गु वास: दय्कल।
पुत ज्वीवं उगु रसायण बिल हया: उम्ह ब्राम्हणं,
वैत सेवनयात मद्दिक शाक्यपति शुद्धोदनं।
अन्न धन सम्पति लुँ वह: यक्व वैत बिया: छ्वत,
च्वन लिपा आनन्द पूर्वक च्या:गुलिं आशा-मत।
व्रत उपोसथ यात न्हितथं मोल्हुया: रानीपिसं
लच्छि यंकं शुद्ध हृदयं पुत्रया जक कामनां।
लच्छि अबुसं फुक सिधय्का: छन्हु तिसा वसतं पुना:
वंगु माया गौतमी थ:थ:गु ग्वा ग्वे स्वां ज्वना:
ज्वीक शशि सम रुप आभां अन्तपुर हे शोभित
अमिगु ल्हा:या पुष्प तांबुलया सुगन्धं सुरभित।

***क्रमश:***

# पूर्वीय दर्शनको विकास र अन्तिम निचोड

✍ सुरेशज्योति शाक्य

मानव मस्तिष्कले भौतिक क्षेत्रमा महान कार्य अवश्य गरे। तर भौतिक क्षेत्रको विकासले मात्र उसको मनोइच्छा पूर्ण भएन। उसको मनमा जिज्ञासा उत्पन्न भयो; यो भौतिक जीवनबाट पर पनि अर्को जीवन थियो होला ? जगत थियो होला ? यो लौकिक सुख भनेको क्षणिक सुख मात्र हो; अन्तिम सुख होइन। यही मनोविज्ञानबाट अध्यात्म दर्शनको सुरु भएको हो।

यसरी नै प्राचीन कालदेखि नै भारतवर्ष अर्थात् पूर्वीय दार्शनिकहरूलाई यही कुराले सताइरहन्थ्यो। यदी यो सम्पूर्ण बाह्य जगतको जान्ने भएता पनि आफूलाई आफैले केही जान सकिएन भने मेरो विद्याको के लाभ ? जसबाट म अमर हुँदैन भने यस्ता सबै कुरा बोकेर के गर्ने ? यही जिज्ञासाले नै अविद्याबाट विद्या, अन्धकारबाट उज्यालो, मृत्युबाट अमृत तर्फ लैजाने दर्शनका उपक्रम आरम्भ भएको हो -

१) नारदजीले त्यसबेलाको सम्पूर्ण विद्या अध्ययन गरिसकेका थिए। तर पनि उसले शान्तिको अनुभव प्राप्त गर्न सकेन। "भगवान ! मैले ऋग्वेद, यजुर्वेद, सामवेद र चर्तुथ अथर्ववेदको राम्रो ज्ञान पाएको छु। भगवान ! मैले इतिहास-पुराण, ब्याकरण, श्राद्धकल्प, गति, उत्पाद ज्ञान पनि अध्ययन गरिसकें। विधि शास्त्र, तर्क शास्त्र र नीति शास्त्रको ज्ञान मलाई राम्ररी थाहा छ। देव विद्या, ब्रम्ह विद्या, भूत विद्या, क्षेत्र विद्या, नक्षेत्र विद्या पनि राम्ररी जानेको छु। सर्प विद्या, देवजन विद्या, नृत्य संगीत आदिका विषयमा पनि हे भगवान ! मैले राम्ररी अध्ययन गरी सकेको थिएँ" **(छान्दोग्य उपनिषद ७/१-२)**। तर पनि यी सबै कुरा जानकारी भएता पनि भगवान ! म केवल मन्त्रहरूको मात्र जान्नेवाला हुँ। आत्माको विषयमा म अनविज्ञ छु। मैले तपाईंबाट नै सुनेको थिएँ; आत्माको विषयमा जानेपछि रोग, शोकबाट पार हुन्छ भन्ने कुरा। भगवान ! म शोकमा डुवीरहेको छु। यसकारण तपाईंले मलाई शोकबाट पार गरिदिनुस्। **(छान्दोग्य उ. ७-२)**।

नारद र भगवान सनत्कुमारको आख्यानबाट यो कुरा स्पष्ट हुन्छ; आत्मज्ञानको साक्षात्कार विना मात्र पुस्तक ज्ञानको पूर्ण शान्तिको अनुभव प्राप्त गर्न सक्दैन। **(पाण्डित्य निर्विद्दय इत्यादि- बृहरारण्यक उपनिषद ३/५/१)**।

२) यसरी नै त्यही कालक्रममा भगवती मैत्रेयी (यज्ञवालक्यकी धर्म पत्नी) को श्रद्धयबाट मानवहरूलाई सर्वश्रेष्ठ प्रार्थना गरिन्छ। "मलाई असत्यबाट सत्य तर्फ लगिदिनुस्, अन्धकारबाट प्रकाशतर्फ लगिदिनुस्, मृत्युबाट अमृत तर्फ लगिदिनुस्।" **(बृहदारण्यक उ. १/३/२७)**।

यी प्राचीन उपनिषदमा वर्णित नारदजीको असंतोष र मैत्रेयीको प्रार्थनाबाट भवचक्र अर्थात् दुःखचक्रबाट कसरी पार हुन सकिन्छ भन्ने कुरा इच्छा व्यक्त गरिरहेको थाहा हुन्छ। अध्यात्मिक

दर्शनको अन्तिम निचोद अमृत अर्थात् मुक्ति प्राप्त गर्नु हो ।

३) उपनिषद कालदेखि सुरु भएको जुन अमृत प्राप्त गर्ने जिज्ञासा करिब २०० वर्ष पछि सर्व प्रथम तथागत बुद्धले पूरा गरेका थिए । जुन कुरा बुद्धभन्दा अगाडिका ऋषि, महर्षि, दार्शनिकहरू कसैले पनि सत्यसाथ मैले अमृतको द्वार पत्ता लगाइसके भनेर दाबी गरेको देखिन्दैन । त्रिपिटकमा उल्लेख भएअनुसार ५४७ जन्मको पारमिता धर्म ( बोधिसत्वचर्या) २९ वर्षसम्मको अध्ययन, ६ वर्षको दुष्करचर्याको प्रतिफलबाट शाक्यमुनि तथागत बुद्धले गयाको बोधिवृक्ष मुनि बोधिज्ञान लाभ गर्न सफल भएका थिए । जुन बोधिज्ञान नै असत्यबाट सत्यमा लैजाने (अविद्याबाट विद्यामा लैजाने ) अन्धकारबाट उज्यालोमा लैजाने, मृत्युको भुमरीबाट अमृतको द्वारमा लैजाने प्रतीत्यसमुत्पाद धर्म हो । जुन कुरा तथागत बुद्धले बोधिज्ञान लाभ गरिसकेपछि सबभन्दा पहिला उद्गार व्यक्त गरेको वाणी धर्मचक्र प्रवर्तन शुत्रमा उल्लेख भएको छ । जुन वाणी-"अविद्या नास भयो, विद्या उत्पन्न भयो, अन्धकार नास भयो, प्रकाश उत्पन्न भयो, मैले अमृतको द्वार खोली दिएँ ।" भगवान बुद्धले बोधिज्ञानको रुपमा प्राप्त गरेको जुन प्रतीत्यसमुत्पाद चक्र नै आध्यात्मिक दर्शनको अन्तिम निचोद हो । भौतिक, अभौतिक, आत्म, ईश्वर, योग, कर्म, लोक, पुनर्जन्म इत्यादी जम्मै कुरा प्रतीत्यसमुत्पाद (कार्य कारणको प्रतिफल-प्राकृतिकको नियम) भित्र नै पर्छ । यसैले भगवान बुद्धले भन्नुभएको थियो; जसले प्रतीत्यसमुत्पाद धर्मलाई बुझ्छ उसले बुद्धलाई देख्छ, जसले प्रतीत्यसमुत्पाद धर्मलाई बुझ्दैन उसले बुद्धलाई चिन्दैन ।"

४) गार्गी वाचकनवी र याज्ञवलक्यको संवाद वृहदारण्यक उपनिषदमा वर्णन गरेको यस प्रकार छ - याज्ञवल्क्य ! यो सबै (विश्व) पानीमा ओत-प्रोत भइरहेको भए पानी केमा ओत-प्रोत भइरहेको ? वायुमा गार्गी भनेर जवाफ दियो । वायु केमा ओत-प्रोत भइरहेको भनेर फेरी प्रश्न गऱ्यो ? अन्तरिक्ष लोकमा भनेर जवाफ दियो । यसरी नै गार्गी र याज्ञवल्क्यको बिचमा प्रश्न र जवाफ क्रमश यहाँसम्म पुग्यो । जस्तो गन्धर्वलोक, आदित्यलोक (सूर्यलोक), चन्द्र लोक, नक्षत्र लोक, देवलोक, इन्द्र लोक, प्रजापति लोक, ब्रम्ह लोक । ब्रम्ह लोकमा सम्पूर्ण ओत-प्रोत भइरहेको कुरा याज्ञवल्क्यको जवाफ सुनेपछि फेरि गार्गीले प्रश्न गऱ्यो । त्यसो भए ब्रम्ह लोक केमा ओत-प्रोत भइरहन्छ ? गार्गीको यस्तो बारम्बार प्रश्नबाट याज्ञवल्क्य रिसाउन्छ । प्रश्न माथि प्रश्न धेरै नगर ! प्रश्नभन्दा पनि माथि, प्रश्नको सीमानाबाट कहिले पनि पार नहुने देवताको बारेमा तिमीले अविश्वास गरेर धेरै प्रश्न गऱ्यो ।

तिम्रो टाउको छुट्ला । यस्तो भय देखाएपछि गार्गी वाचकनवी चूप भयो । जुन संवादबाट याज्ञवाल्क्यको उत्तरबाट गार्गीलाई संदेह भएको र उस्को जिज्ञासा स्पष्ट नआएको कुरा छर्लङ्ग हुन्छ । याज्ञवल्क्य उपनिषद कालका सर्वश्रेष्ठ दार्शनिक मानिन्छ ।

५) बौद्ध ग्रन्थ दीघ निकायको केवल सूत्तमा उल्लेखित कुरा -एक जना भिक्षुको मनमा यस्तो प्रश्न उत्पन्न भयो कि यी चार महाभूत-पृथिवी धातु, तेज धातु, वायु धातु, जल धातु, कहाँ गएर निरोध हुन्छ होला ? यही प्रश्नहरू बोकेर भिक्षु चार्तु महाराजिक देवताहरू बस्ने लोकमा गएर सोध्न गए । उनीहरूले पनि आफूलाई थाहा नभएको, आफूभन्दा पनि माथिका चारजना महाराजाहरू कहाँ सोध्न जाऊ भनेर

पठाए । भिक्षु त्यहाँ पुगेपछि त्यहाँ पनि त्यही जवाफ पाए; त्रायस्त्रिंश देवलोकमा सोध्न जाऊ । यसरी नै क्रमशः त्यो भिक्षु याम, सुयाम, तुषित, संतुषित, निर्माणरति, सुनिर्मित, परनिर्मित वसवर्ती, वशवर्ती, ब्रम्हकायिक देवपुत्र बस्ने लोकसम्म त्यो भिक्षु पुग्यो । ब्रम्हकायिक देवपुत्रसँग जुन प्रश्न सोध्यो । उसले पनि भिक्षुलाई यसरी भने- हामीभन्दा पनि माथि महाब्रम्हा छ, उनीसित सोध्न जाऊ । त्यहाँबाट पनि रित्तै फर्केर त्यो भिक्षु महाब्रम्हा बस्ने लोकमा पुग्यो । महाब्रम्हालाई भेट्न सजिलो थिएन । संयोगले ती भिक्षुको महाब्रम्हासित भेट भयो । उसले त्यही कुरा यी चार महाभूत कहाँ गएर विलिप्त (निरोध) भएर जान्छ भनि प्रश्न गर्‍यो । महाब्रम्हले यसरी जवाफ दिए - "म ब्रम्हा हुँ, ईश्वर हुँ, सबैका पिता हुँ ।" यसरी नै महाब्रम्हाबाट दोस्रो पटक, तेस्रो पटक पनि त्यही जवाफ दिए । त्यसपछि भिक्षुले महाब्रम्हालाई यसरी भने - मैले तपाईं को हो ? भनेर सोधेको होइन; यी चार महाभूत कहाँ गएर निरोध हुन्छ भनेर मात्र सोधेको हुँ । त्यसपछि महाब्रम्हाले भिक्षुलाई अँगालो मारेर देवताहरूको सभाबाट बाहिर ल्याइ उसको कानमा सुटुक्क भने -"यो कुरा मलाई पनि थाहा छैन । यो तिम्रो नै दोष हो । तथागत बुद्धलाई छोडेर तिमीले उत्तर खोज्यौ । वहासँग नै सोध्न जाऊ । वहाँले जे भन्नुहन्छ त्यही सत्य हो ।"

अब गार्गी वाचक्नवी र याज्ञवल्क्यको अधूरो संवाद यस भिक्षुको लोक भ्रमणको जिज्ञासासँग तुलना गर्नुहोस् । कारणलाई निवारण गर्ने ज्ञान प्रतीत्यसमुत्पाद धर्म नै हो । यसैले दर्शनको अन्तिम निचोड तथागत बुद्धद्वारा अध्ययन अनुसन्धान गरेर पत्ता लगाएको प्रतीत्यसमुत्पाद धर्म नै हो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

## भिक्षु अश्वघोष महास्थविरका केही कथनहरू

१) "भ्‌जी नेपालीतय् विदेशी बुद्धमूर्ति थःथाय् हेगु मयः तर भृकुटी मयजुं कोसःया रुपय् ल्हासाय् बुद्ध-मूर्ति यंकूगु धाःसा गौरव ताः । नेपाली कलाकारं (अरनिकों) चीनया राजधानी पेकिङ्ग सहरया दथुइ नेपाली कलाकथं चैत्य (चीभाः) दयेका तःगु धाःसा बाँलाः ताः यःताः ।"

२) "जिं थूथें विपस्सनाध्यान अभ्यास यानाथें थःगु चित्त एकाग्र यानाथें शुद्ध याना यंकेगु, मेपिन्त मछिनिगु ज्या मयायेगु, थम्हं धैथें हे जक ज्या यायेमाः धकाः जिद्दी मयायेगु, लाभ जूगु धन सदुपयोग यायेगु । मुंकेगु जक ध्यान मतयेगु, भिंगु ज्या यायेत नं जिके मन्यंसे याये म्ह ज्यू धैगु मनोवृत्ति त्वतेगु, थःगु दोष नं. खंका यंकेगु याये माःथे च्वं ।"

जीवनी

# उपासक रत्नमुनि तुलाधर



✍ रत्नसुन्दर शाक्य

बुद्धशासनको इतिहासमा बुद्धधर्मको प्रचारप्रसारार्थ बुद्धको जीवनकालदेखिनै राजाहरूले भन्दा बढी सहयोग साहू-महाजन (व्यापारी) हरूले गर्दै आएको प्रमाण यथेष्ट छ । सो स्थिति हालसम्म पनि सही-सलामत रहेको तथ्य हामीले पनि महशुस (अवगत) गर्दै आइरहेका छौं । यही क्रममा नेपालमा पनि बुद्ध-धर्मको प्रचारप्रसारमा विभिन्न तवरबाट योगदान गर्दै आउनुभएका एक साहू व्यक्तित्व हुनुहुन्छ- उपासक रत्नमुनि तुलाधर ।

उहाँको जन्म वि.सं. १९६०-६१ सालतिर नेपालमण्डलस्थित कान्तिपुर नगरको एक तुलाधर कुलमा भएको थियो । आफ्नो बाल्यकालको केही वर्ष कान्तिपुर (काठमाडौं) मा बिताउनुभएका उहाँले पछि आफ्नो समस्त जीवन नेपालको पश्चिमाञ्चलस्थित बुटवल नगरमा एक प्रतिष्ठित व्यापारीको रुपमा बिताउनुभएको थियो ।

बुटवलमा उहाँ विशेष रुपमा घिउका नामूद व्यापारीको रुपमा प्रसिद्ध थिए । उहाँले घिउको व्यापारको प्रसंगमा बरोबर भारतको विभिन्न नगरमा पनि पुग्ने गर्नुहुन्थ्यो । विशेषत: उहाँ गोरखपुर-वाराणसी (कासी-बनारस) पुग्ने गर्नुहुन्थ्यो ।

यस्तै एकपटक वि.सं. १९८० सालतिर उहाँ घिउ निर्यात गर्ने क्रममा बनारस पुगी आफ्नो कारोबार सकाई स्वदेश (बुटवल) फर्कन्दै थिए । उहाँ बनारसबाट रेलमा चढी गोरखपुर आउनुभएको बेला गाडी (रेल) मा भिक्षु ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) सित भेट भयो । यसभन्दा अगाडिसम्म उहाँले भिक्षुहरू भने कोही देख्नुभएको थिएन सिर्फ बाबु-बाज्येहरूको तर्फबाट भिक्षुहरू मूर्तिको रुपमा मात्र काठमाडौं उपत्यकाको विभिन्न बहा-बहीहरुमा अवस्थित रहेको मात्र देखाएको सम्झना थियो । यसपटक प्रत्येक्ष रुपमा रेलमा भिक्षु ऊ चन्द्रमणि महास्थविरलाई देख्नासाथ उहाँ आफैले आफू (पहेंलो वस्त्र लगाएका-त्यागी जीवन बिताएका) हरूलाई नै 'भिक्षु' भनिने जानकारीको साथै नेपालमै जन्मिएका शाक्यमुनि बुद्धको सद्धर्म प्रचार प्रसारको निमित सन् १८९१ देखि बर्माबाट भारतमा आई कुशीनगरमा रहँदै आएको जानकारी पनि दिएबाट साहू रत्नमुनि तुलाधर भिक्षु चन्द्रमणि महास्थविरबाट निकै प्रभावित भए ।

अत: त्यसबेलादेखि व्यापारको सिलसिलामा गोरखपुर, बनारस आदि सहरमा पुग्ने बेलामा साहू रत्नमुनि तुलाधरले गोरखपुर सहरबाट ५६ कि.मि. पूर्वमा अवस्थित कुशीनगर (बुद्धको परिनिर्वाणस्थल)मा पुगी ऊ चन्द्रमणि महास्थविर कहाँ बरोबर पुगी दानादि कार्य गर्न जाने नियमित जस्तै हुन गएको थियो। यसबाट उहाँहरूको एक आपसमा घनिष्ठता बढ्दै गए र साहू रत्नमुनि तुलाधर 'उपासक' को रुपमा परिचित हुँदै आए।

यसै संस्कार (बुद्ध धर्म र संघप्रति अटल एवं समर्पित श्रद्धा) भए अनूरुप होला सन् १९२४ मा जयबर्धन नामका श्रीलंकाका एक श्रामणेर भारतको विभिन्न बौद्ध तीर्थस्थलहरूको अवलोकन पछि लुम्बिनी पुगी त्यहाँबाट बुटवल नगरमा आउनुभएको बेला रत्नमुनि उपासककै आश्रयमा पुगे। उक्त श्रामणेर रत्नमुनि उपासकको घरमा झण्डै महिनादिन रहनुभएको थियो। उहाँ हिन्दी भाषाका पनि ज्ञाता हुनाको कारण उपासक रत्नमुनि तुलाधरका माता-पिताले पनि उहाँसित राम्ररी वार्तालाप गर्न वा ज्ञान गुणका कुरा सुन्न र बुझ्न अपठ्यारो भएन। त्यसैकारण बुटवलका अन्य श्रद्धालुहरू पनि विस्तारै स्थविरवाद बुद्ध-धर्मप्रति आकर्षित हुँदै आए।

यस्तैमा पुन: वि.सं. १९८९ को मध्य (सन् १९३२ को अन्त) तिर कुशी नगरमा नै भिक्षु ऊ चन्द्रमणि महास्थविरकै तर्फबाट प्रभावित भए र आउनुभएका श्रामणेर धर्मालोक पनि बुटवल आइपुग्नुभएको थियो। उहाँ पनि तुलाधर कुलकै ( काठमाडौं असन-धालासिको) दशरत्न वा बारासाहू नामका साहू व्यक्तित्व नै थिए। अत: उहाँको व्यक्तित्वबाट पनि उपासक रत्नमुनि तुलाधर एवं बुटवलवासी बौद्ध धर्मावलम्बीहरू स्थविरवाद बुद्ध धर्ममा आकर्षित हुँदै आए।

श्रामणेर धम्मालोककै तर्फबाट रत्नमुनि उपासकका ज्येष्ठ पुत्री देवकुमारी तुलाधरले नमो तस्स भनी पञ्चशील ग्रहण गर्ने विधि सिकेकी थिइन्। स्मरणीय छ, वि.सं. १९८५ सालमा जन्मेकी देवकुमारी तुलाधरले बुटवलमा २००८ सालदेखि शिक्षण कार्यमा लागी वि.सं. २०३३ सालभित्रमा बुटवलका आदर्श विद्या मन्दिर हाइ स्कुलका प्रधानाध्यापिकाको मात्र कदर-पत्र प्राप्त भएको थिएन उनी रुपन्देही जिल्लाको सबैभन्दा पुरानो कार्यरत शिक्षिकाको रुपमा समेत परिचित भएकी थिइन्। पछि उनले आमाबुबाको अनुमति प्राप्त गरी वि.सं. २०३५ सालमा (५० वर्षको उमेरमा) कुशीनगरमा पुगी भिक्षु ऊ चन्द्रमणि महास्थविरका एक शिष्य भिक्षु अच्युतानन्द महास्थविर (निधन ९ अक्टोबर १९९६) को आचार्यत्वमा प्रवजित भई 'अनगारिका देवाचारी' हुन पुगेकी थिइन्।

साहू रत्नमुनि तुलाधरको परिवारमा सही बौद्ध संस्कार भित्राउने अन्य एक विशेष व्यक्तित्व हुनुहुन्छ- कपिलवस्तुका श्रामणेर विशुद्धानन्द। वि.सं. १९९३ सालमा कपिलवस्तुबाट बुटवलमा आउनुभएका श्रामणेर विशुद्धानन्द पनि उपासक रत्नमुनि तुलाधरकै आश्रयमा ३-४ वर्ष नै रहनुभएको थियो।

त्यस अवधि (वि.सं. १९९३-९७) भित्रमा श्रामणेर विशुद्धानन्दले उपासक रत्नमुनि तुलाधरको सहयोगमा कयौं शासनिक कार्यहरू सम्पन्न गर्न पाएको थियो। त्यसताका, उहाँले बुटवलमा रहेका एवं त्यहाँ आउनु हुने विभिन्न मत-मतान्तरवादीहरूसित धार्मिक छलफल गरी तिनीहरूलाई शान्त पार्न (चित्त बुझाउन) पनि सक्षम भएका थिए। त्यसैताका उहाँले लेखन एवं सम्पादन गर्नुभएको एउटा स्मरणीय पुस्तक हो "भगवान बुद्ध और भावना"। यस पुस्तकलाई रत्नमुनि उपासकले बु.सं. २४८४ (वि.सं. १९९७) मा प्रकाशित गरिदिएको

थियो ।

स्मरणीय छ, हिन्दीभाषामा लेखन एवं प्रकाशन भएको यस पुस्तकको नेपाली अनुवाद पोखराका भिक्षु श्रद्धानन्द महास्थविर (वि.सं. १९९४-२०७३) ले दुई दशक अगाडि नै गरी वि.सं. २०५३ सालमा आफ्नी आमा अनगारिका सुधम्मा (वि.सं. १९६५-२०४९) को पुण्यस्मृतिमा आफैले प्रकाशित गर्नुभएको थियो ।

श्रामणेर विशुद्धानन्दले सन् १९३७ मा भारतका एक सुप्रसिद्ध भिक्षु जगदीश काश्यप (सन् १९०८ -७३) को पालि हिन्दी अनुवादित सुप्रसिद्ध ग्रन्थ "मिलिन्द-प्रश्न" मा विषय-सूची, नाम अनुक्रमणी, शब्द-अनुक्रमणीको तयारीको साथै प्रूफ कार्यमा पनि उहाँबाट सहयोग गर्नुभएको थियो ।

उपासक रत्नमुनि तुलाधरले श्रामणेर विशुद्धानन्दलाई उपसम्पन्न हुनको निमित आफू दाता बन्न तयार भएको जानकारी दिए अत: श्रामणेर विशुद्धानन्द एवं त्यसताका उहाँसित विशेष सम्पर्कमा रही पालि साहित्य अध्ययन गरिरहेका पोखराका दुई जना दिदीबहिनी टेकलक्ष्मी र यशोमति ताम्राकार ( प्रवृजित हुने चाहना गरिराखेका) लाई पनि साहू रत्नमुनि तुलाधर एवं उहाँको परिवारले अन्य मित्रवरहरू एवं नाताकुटुम्बहरूका साथ कुशीनगर पुऱ्याए । त्यहाँ श्रामणेर विशुद्धानन्द ऊ चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई भिक्षु विशुद्धानन्द हुनुभएकोले पोखराका ती दुईवटी दिदी-बहिनी पनि अनागारिका धर्मशीला र अनागारिका यशोमति भएकी थिइन् । यो सन् १९३९ को मई महिनाको कुरा हो ।

उहाँहरू सबै त्यस वर्षको वैशाख पूर्णिमा ( बु.सं. २४८३, वि.सं. १९९६) कुशी नगरमा हर्षोउल्लासका साथ मलाई बुटवल फर्केका थिए । त्यसताका कुशी नगरमा उहाँहरूका साथ बर्माबाट बुद्ध-धर्म अध्ययन गरी फर्कनुभएका भिक्षु शाक्यानन्द (नेपालका दोस्रो संघनायक (वि.सं. १९६६-२०५४) पनि सम्मिलित थिए । उहाँ पनि रत्नमुनि उपासकको सामूहका साथ बुटवल हुँदै तानसेन आउनुभएको थियो ।

यसप्रकार उपासक रत्नमुनि तुलाधरले त्यसताका नेपालका प्राय: सम्पूर्ण ज्येष्ठ भिक्षु एवं अनगारिकाहरूलाई बुटवलमा आउनुहुने बेला आवश्यक आश्रय दिएका थिए । उहाँकी आमा माया उपासिका पनि वि.सं. १९९९ सालमा भिक्षु प्रज्ञानन्द (नेपालका ज्येष्ठ संघनायक वि.सं. १९५७-२०४९) का साथ कुशीनगर पुगी भिक्षु ऊ चन्द्रमणि महास्थविरको तर्फबाट प्रवजित भई "अनगारिका महानन्दी" भएकी थिइन् ।

वि.सं. २००१ सालमा उपासक रत्नमुनि तुलाधरले बुटवलमा वैशाख पूर्णिमा (बु.सं. २४८८) भव्यरुपमा मनाउन उपासक मित्र बोधिरत्न बज्राचार्यलाई साथ लिई कुशीनगरमा ऊ चन्द्रमणि महास्थविरलाई निम्तो गर्न पुगेका थिए । तर त्यसताका कुशीनगरमा पनि वैशाख पूर्णिमा विशेष रुपमा मनाउने योजना भएको कारण नेपालकै आफ्ना दुई जना शिष्य श्रामणेर चन्द र श्रामणेर अश्वघोष (हाल नेपालका संघनायक -भिक्षु अश्वघोष महास्थविर)लाई भिक्षु ऊ चन्द्रमणि महास्थविरले उपासक रत्नमुनि र बोधिरत्नका साथ बुटवल पठाएका थिए ।

बुटवलमा वैशाख-पूर्णिमा सर्वप्रथम भव्य रुपमा (बुद्ध मूर्ति खटमा राखी नगर परिक्रमा मनाइ सकेपछि श्रामणेर चुन्द (पछि भिक्षु चुन्द महास्थविर वि.सं. १९७७-२०५६) बुटवल मै रहनुभयो र श्रामणेर अश्वघोष केही दिनको निम्ति कान्तिपुर-ललितपुर आउनुभएको थियो ।

उपासक रत्नमुनि तुलाधरले बुद्ध शासनिक कार्यमा निरन्तर लाग्दै रहनुभएको थियो । वि.सं. २०१८ सालको पुस महिनाको अन्ततिर र

पूर्वाञ्चलको भोजपुरमा 'शाक्यमुनि बौद्ध संघ'को आयोजनामा "शाक्यमुनि विहार" स्थापनाको रजतवर्षको उपलक्ष्यमा भिक्षु महासंघद्वारा सम्पन्न हुन लागेको साप्ताहिक महापरिक्षण पाठको आयोजनामा उहाँ पनि भिक्षु शाक्यानन्द, भिक्षु चुन्द, श्रामणेर सुगतानन्दका साथ सम्मिलित हुन आउनुभएको थियो ।

यसप्रकार साहू रत्नमुनि तुलाधरले आफ्नो जीवन व्यापारिक व्यवसायमा मात्र बिताउनुभएको थिएन बुद्ध शासनिक कार्यमा पनि हरतरहले लागी आफ्नो जीवनलाई धर्ममय पनि तुल्याई वि.सं. २०३७ सालमा शेष जीवन अन्त गर्नुभएको थियो । यसको वर्ष दिनपछि उहाँकी धर्मपत्नी हेरालानी तुलाधरले पनि आफ्नो जीवन २०३८ सालमा अन्त गरिन् । उहाँहरूकी सुपुत्री अनगारिका देवाचारीले पनि आफ्नो उद्देश्यपूर्ण धर्ममा जीवन ६४ वर्षको उमेरमा २३ पुस २०४९ का दिन अन्त गरिसकेकी थिइन् ।

सन्दर्भ


१) परलोकवाद खण्डन मण्डल -भिक्षु चुन्द शास्त्री
-स्व. देवाचारी अनगारिका
-पद्मचैत्य विहार
बुटवल-२०५१

२) मेरो जीवन यात्रा- भिक्षु शाक्यानन्द महास्थविर
-आनन्दकुटी विहारगुठी
आनन्दकुटी विहार
काठमाडौं-२०४३

३) अनगारिका धर्मशीला र उहाँका कार्यहरू
-तिलकमान गुभाजू
धर्मशीला बुद्ध विहार
पोखरा-२५३३

४) सिंहल धुमक्कड जयवर्धन-राहुल सांकृत्यायन
-राजपाल एण्ड सन्स
दिल्ली-१९६०


## भिक्षु अश्वघोष महास्थविरका केही कथनहरू

३) तर्क मात्र गर्ने, कर्तव्य पालन नगर्ने आफ्नो स्वार्थमात्र पूरा गर्नेहरूसित प्रिय वचनले कुरा गर्न मलाई पटक्कै आउँदैन ।"

४) खरानी फोहर भएता पनि खरानीले माझ्दा भाँडाहरू सफा हुने जस्तै, मैले लेखेका लेख र पुस्तकहरूबाट पाठक वर्गले केही ज्ञान हासिल गर्न सकेको खण्डमा म स्वयं सफल भएको ठान्छु ।"

५) प्राय: जसो मानिसमा बुद्धि विलासिता नै धेरै पाइन्छ अर्थात् "परोपदेशे पाण्डित्यं " भने जस्तो छ । व्यवहारमा प्रयोग गर्ने प्रज्ञा, ज्ञान धेरैमा छैन । यो मानिसकै एउटा ठूलो कमजोरी हो ।"

# दुर्लभ मानव जीवन

✍ मेघना श्रेष्ठ

**मैत्रेय युवा संघ**
**भक्तपुर**

मानिस एक विवेकशील र समाजमा बस्ने सामाजिक प्राणी हो। चिन्तन मनन गर्न सक्ने ज्ञान भएकोले नै उसलाई मनुष्य भनेर पनि सम्बोधन गरिन्छ। विवेक र चेतना भएकाले यस पृथ्वीमा मनुष्यले सर्वश्रेष्ठ प्राणीको उपाधि हात पारेको छ। अत: मनुष्य भएर जन्म लिनु महान उपलब्धि हो।

अब प्रश्न उठ्छ, मनुष्य भएर जन्म लिनु कसरी महान उपलिब्ध हो ? के यो यसैले हो कि यो निम्न योनिबाट मुक्त छ ? के यो यसैले हो कि मनुष्यले प्राप्त गर्ने सुखानन्द वास्तवमा महान हो ? होइन यी कुनै पनि कारणले होइन। यदि इन्द्रिय सुखलाई नै महान भन्ने हो भने देवलोकको सुखको दाँजोमा मानव सुख केही पनि होइन। तर यहाँ सुखानन्दको आधारमा महान उपलब्धि भनिएको नभई कुशल र पुण्यकर्म गर्ने अवसर प्राप्त हुनुलाई नै महान उपलब्धि भनिएको हो। भगवान बुद्ध भन्नुहुन्छ :

किच्छो मनुस्सपटिलाभो
किच्छो मच्चान जीवितं। धम्मपद १४/४

अर्थात् : मनुष्य योनिमा जन्मलिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु कठिन छ।

हामी मनुष्य भएर जन्म लियौं र जीवित पनि छौं। यो अत्यन्तै दुर्भल कुरा हो। तर साँच्चिकै के मानिसहरूले यस दुर्लभ जीवनको महत्त्वलाई बुझेका छन् ? सायद यस संसारमा ज्यादै थोरै सङ्ख्यामा मानिसहरू छन् जसले मनुष्य जीवनको महत्त्वलाई बुझेका छन्।

भगवान बुद्ध भन्नुहुन्छ, मनुष्य जीवन कल्पबृक्ष समान छ। मनुष्य जीवनमा कुशल पुण्यको बीउ रोपेका कारणले त्यस व्यक्ति पछि देवलोक, ब्रम्हलोकसम्म पनि पुगी त्यहाँको सुख ऐश्वर्य भोग गर्नसक्छन् भने श्रावकबुद्ध, प्रत्येकबुद्ध र सम्यकसम्बुद्धले पनि मनुष्य भएकै बेलामा आ-आफूले त्यस बोधि बीउलाई रोपी राम्ररी सुरक्षित गरेकाले नै महान पुद्गल भावमा पुग्न सकेका हुन्। ब्रम्ह, देव, मनुष्य, लौकिक, लोकोत्तर सुख आदि जे जति सुख छन्, ती सबै मनुष्य भूमिरुपी कल्पबृक्षबाट उम्रेका फल, पात, हाँगा समान हुन्।

हामी मानिसहरू भन्ने गर्छौं कि कुनै मानिस मरेर देवलोक वा ब्रम्हलोक पुग्यो भने त्यस व्यक्तिको सद्गति भयो तर भगवान बुद्ध भन्नुहुन्छ कुनै देव वा ब्रम्हा मरेर मनुष्य भएर जन्म लियो भने उसको सद्गति भयो। किनभने मनुष्यमा मात्र यस्तो बीउ निहित छ, जसको कारण उसले चाहना गर्यो भने बुद्धत्व समेत पनि लाभ गर्नसक्छ। तर देवताहरू त्यसो गर्न सक्दैनन् किनभने उनीहरू तृष्णाको क्षेत्रबाट बाहिर छैनन्। उनीहरूलाई त्यहाँ कुशल कर्म गर्ने अवसर पनि हुँदैन किनभने त्यहाँ उनीहरू आफ्नो कुशल कर्मको फलमात्र भोग गर्छन् र फल भोग गर्न सकिएपछि उनीहरू दुर्गतिमा पतन पनि हुन सक्छ।

तसर्थ मानव जीवन अत्यन्त अमुल्य छ। यसको हामीले सदुपयोग गर्नुपर्छ। यदि यसो नभई हामीले यसको दुरुपयोग गर्यौं, अकुशल कर्म गर्यौं वा बेहोशी भयौं भने हाम्रो दुर्गति पनि निश्चित छ। मज्झिम निकाय ग्रन्थको 'बाल-पण्डित-सुत्त' देशनामा भगवान बुद्धले जुवा(बैल गाडाको गोलो चक्का) को उपमाद्वारा मनुष्य जीवन दुर्लभ भन्ने कुरा उल्लेख गर्नुभएको छ। त्यस सुत्रमा भगवान बुद्धले आज्ञा गर्नुभयो -'भिक्षुहरू ! एउटा उपमा दिन्छु, भिक्षुहरू ! कुनै व्यक्तिले बीचमा एउटा प्वाल

भएको जुवालाई जम्बुद्वीपको दक्षिणतिरको महासमुद्रमा फालिदिन्छ । त्यसलाई हावाले अथवा छालले कहिले पूर्वतिर, कहिले पश्चिमतिर, कहिले दक्षिणतिर बहाएर लैजान्छ । उत्तरतिर महासमुद्रको बीचमा दुवै आँखा नदेख्ने एउटा अन्धो कछुवा छ । त्यो कछुवा समुद्रभित्र यता उता जहाँ मन लाग्यो त्यहीं विचरण गरी बस्छ । त्यो कछुवाले एक सय वर्षमा वा एक हजार वर्षमा एक पटक समुद्रको पानीको सतह बाहिर आफ्नो टाउको फुत्त उठाउँछ । भिक्षुहरू ! तिमीहरू के विचार गर्छौ कि त्यो अन्धो कछुवाले त्यसरी फुत्त टाउको उठाउँदा त्यो जुवाको प्वालमा छिर्न सक्ला ?

भिक्षुहरूले जवाफ दिए-'जुवाको प्वालभित्र छिर्ने सम्भावना त छैन तैपनि संसार भनेको अत्यन्त लामो भएकोले यदि त्यो अन्धो कछुवा पनि नमरेमा, त्यो जुवा पनि पानीले मक्काएन भने र अनन्त काल वितिसकेपछि कुनै किसिमले वा संयोगले सायद कछुवाको टाउको जुवाको प्वालमा छिर्ने सम्भावना हुन्छ ।' अनि भगवानले भन्नुभयो - भिक्षुहरू ! बरु त्यो अन्धो कछुवाको टाउको जुवाको प्वालमा चाँडै छिर्न सक्ने सम्भावना हुन्छ, तर मनुष्यलोकबाट च्युतभई अपाय दुर्गतिमा पतन भएका सत्व फेरि मनुष्यलोकमा आउने मौका पाउनु साह्रैं नै कठिन तथा दुर्लभ छ । त्यो अन्धो कछुवाको टाउको जुवाको प्वालमा पर्नुभन्दा सय गुना, हजारगुना अधिक कठिन छ । किनकि अपाय भुवनमा कुशल कर्म गर्ने मौका हुँदैन । फेरि कुशल अकुशल भनेर थाहा पनि हुँदैन । आ-आफूमै बलियोले दुर्बललाई मार्ने, दुःख कष्ट दिने, बलियोले निर्बललाई समातेर खाने गर्छन् ।' यसरी अपायभूमिमा पतन भएका प्राणीहरूको निम्ति दान, शील, भावना भन्ने कुशल धर्मसँग यो जन्ममा भन्दा अर्को जन्ममा झन झन गह्रौं हुँदै जान्छ, तल तल दब्दै जान्छ, एउटा जन्मबाट अर्को जन्ममा झन झन अज्ञानतामा डुब्दै जान्छ । जसरी महासमुद्रमा खसेको लाखौं करोडौं ढुंङ्गाका टुक्राहरु झन झन तल दब्दै जाने हुन्छ अथवा एक टुक्रा पनि फेरि माथि उठ्ने सम्भावना नहुने झैं हुन् ।

तसर्थ अत्यन्त दुर्लभ मनुष्य जीवन प्राप्त भएको अवस्थामा हामीले भौतिक सम्पति मात्रमा ध्यान नदिई शील, समाधि र प्रज्ञाको अभ्यास गर्न सकिएमा मनुष्य जीवन अर्थपूर्ण हुन जान्छ । मनुष्य मात्र यस्तो प्राणी हो जसले अन्तर्मुखी भएर आफ्नो रोग, द्वेष, मोहको संस्कारलाई निर्मूल गर्नसक्छ । यो काम कुनै पशुपन्छी, सरिसृप, कीतपतङ्ग कसैले पनि गर्न सक्दैन । तर हामीले मनुष्यमा मात्रै हुने यो दुर्लभ गुणको विकास गरेनौं भने हामी पशु सरहको जीवन जिउँछौं । मनुष्य भएर जन्मेको कुनै उपयोगीता हुँदैन ।

हाम्रो पुण्यका कारण हामीलाई दुर्लभ मनुष्य जीवन प्राप्त भएको छ, दुर्लभ बुद्धशासन प्राप्त भएको छ, यस शासनमा कल्याण मित्रहरूबाट धर्मश्रवण गर्न पाएका छौं, त्यस सधर्म अनुसार चिन्तन गरेर त्यसैको आधारमा धर्म आचरण गर्ने सौभाग्य मिलेको छ । यो सबै दुर्लभ सौभाग्य हामीले पूर्वजन्मको पुण्य कर्मकै कारणले प्राप्त गरेका हौं ।

यस्तो दुर्लभ अवसर बारम्बार प्राप्त हुँदैन । हामीलाई थाहा छैन अर्को जन्म कहाँ के भएर जन्म लिने हो । मनुष्य भएर जन्म लिएता पनि बुद्धशासन प्राप्त हुने हो वा होइन । तर अहिले प्राप्त भएको छ । तसर्थ यसको खुब सदुपयोग गर्नुपर्छ । भगवान बुद्ध भन्नुहुन्छ :-

सब्ब पापस्स अकरणं- कुसलस्स उपसम्पदा
सचित्तपरियोदपनं-एतं बुद्धान'सासनं ॥ धम्मपद १४/५

अर्थात् : कुनै पनि पापकर्म नगर्नु, कुशल कर्म गर्नु, आफ्नो चित्तलाई सधैं शुद्ध राख्नु, यही बुद्धहरूको शिक्षा हो ।

यस प्रकार हामीले पापकर्मबाट बच्न शीलको अभ्यास गर्यौं, कुशल कर्म गर्नका लागि समाधिको अभ्यास गर्यौं र मनलाई शुद्ध राख्न वा प्रज्ञा जगाउनका लागि विपश्यना ध्यानको अभ्यास गर्यौं भने हाम्रो मनुष्य जीवन सार्थक हुनेछ भने हामी बुद्धशासनका सच्चा अनुयायी हुनेछौं ॥
'भवतु सब्ब मंगल"

गतिविधि

# "मैत्रेय युवा संघको सक्रियतामा चैत्य जीर्णोद्धार कार्य सम्पन्न"



मर्मत गर्नुपूर्वको चैत्यको तस्बिर



मर्मत गरी सकेपछिको चैत्यको तस्बिर

मैत्रेय युवा संघको सक्रियतामा भक्तपुर मिनिबस पार्क महाकाल मन्दिरसँगै रहेको पिपलको बोट उम्रिएको चैत्यलाई मिति २०७४ कार्तिक २९ गतेदेखि जीर्णेद्धार सुरु गरी मंसिर ३ गते कार्य सम्पन्न गरियो ।

चैत्य जीर्णोद्धार कार्य सम्पन्न भएको उपलक्ष्यमा २०७४ मंसिर १६ गते चैत्यको प्राङ्गणमा बुद्ध पूजा कार्यक्रम पनि आयोजना गरियो । उक्त कार्यक्रममा श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरले बुद्ध पूजाको महत्त्व विषयमा धर्मदेशना गर्नुभयो भने चैत्य जीर्णोद्धारका संयोजक तिर्थराज बज्राचार्यले हाम्रा पूर्खाले बनाएका चैत्यहरू जीर्ण भएर गएको

हुँदा चैत्यलाई संरक्षण गर्नुपर्ने आवश्यकता देखेर यो चैत्यलाई जीर्णोद्धार गरिएको मन्तव्य व्यक्त गर्नुभयो । त्यसैगरी मैत्रेय युवा संघका निवर्तमान अध्यक्ष सत्यलक्ष्मी रंजितले परियत्ति शिक्षा बाल्यावस्थादेखि नै पढाउनुपर्ने र आफ्ना सन्तानलाई सही मार्गमा लान परियत्ति शिक्षा पढाउनुपर्ने मन्तव्य व्यक्त गर्नुभयो । मुनि विहारका श्रद्धेय भिक्षु उत्तमले चैत्यको महत्त्वको विषयमा धर्मदेशना गर्नुभई चैत्य जीर्णोद्धारमा आर्थिक सहयोग गर्नुहुने कुथुबही विकास समिति रु. १५,०००।-, गणेश ज्यास: पस: रु. ५,०००।-, रत्नश्री ज्यास: पस: रु. ३,०००।-, लक्ष्मीशोभा बज्राचार्य रु. ३,०००।-, श्री महामञ्जुश्री ज्यास:पस: रु. २,०००।-, रोशन बज्राचार्य रु.१,०००।- जलपान दाता दिब्यराज बज्राचार्य तथा चैत्यमा आँखा लेखी सहयोग गर्नुहुने माइला दोङ्गलाई चैत्य धर्मोपहार प्रदान गर्नुभयो । त्यसै गरी कुलदीप शाक्यले सिमेन्ट १ बोरा र उर्मिला शाहीले बालुवा ३ बोरा सहयोग गर्नुभएको थियो ।

उक्त बुद्ध पूजा कार्यक्रममा रु. १०,८६२।- दान संकलन भएको थियो भने श्रद्धेय उत्तम भन्तेले रु. १,७००।- आर्थिक सहयोग गर्नुभएको थियो । त्यसैगरी मुनि विहारबाट भिक्षाटनमा प्राप्त रकम रु. ९,५५० पनि मैत्रेय युवा संघलाई परियत्ति अक्षयकोषका लागि आर्थिक सहयोग गर्नुभएको थियो ।

मैत्रेय युवा संघका अध्यक्ष संचित बुद्धाचार्यले चैत्य जीर्णोद्धारका लागि मन खोलेर आर्थिक तथा भौतिक सहयोग गर्नुहुने महानुभावहरू, परियत्ति शिक्षाका विद्यार्थीहरू, विभिन्न विद्यालयबाट सहभागी भएका शिक्षक शिक्षिकाहरू, अभिभावकवर्ग लगायत सम्पूर्ण उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

त्यसैगरी भक्तपुर बौद्ध सम्पदा संघको सक्रियतामा भक्तपुर हनुमानघाट प्राङ्गण खुसि विहारमा भूकम्पले क्षति भएको भगवान बुद्धको मन्दिर जीर्णोद्धार कार्य सम्पन्न भएको छ । उक्त जीर्णोद्धार कार्यका लागि मुनि विहार, स्व. रामशेखर नकर्मी परिवार र इन्द्रवर्त महाविहारको उल्लेखनीय सहयोग रहेको छ ।

## भिक्षु अश्वघोष महास्थविरको कथन

६) आजभोलि व्यक्तिको योग्यतालाई मूल्यांकन गर्दा व्यक्तिको चरित्र र गुणलाई भन्दा जाँचमा पास गरेर प्राप्त भएको प्रमाण-पत्रलाई मान्यता दिने चलन छ । त्यसैले होला बुद्ध-धर्मको ज्ञान र योग्यतालाई भन्दा पढाइको दर्जालाई मान्यता दिन थालियो ।”

गतिविधि

# युवा बौद्ध पुचः को ३१ औं वार्षिक उत्सव सम्पन्न

गत २०७४ पुस ७ गते युवा बौद्ध पुचः ख्वप (भक्तपुर) "YBAB" को ३१ औं जन्म उत्सव भक्तपुरको देवनःनि क्वाथडौं स्थित दीपंकर बिहारमा श्रद्धेय चक्रेश्वर आजु श्री ज्ञानरत्न बज्राचार्यज्यूले दीपंकर बुद्धमूर्ति अगाडि दीप प्रज्ज्वलन गरी मनायो । २०७४ पुस ३१ गते सोही "YBAB" को ३१ औं वार्षिक साधारण सभा बनेपाको ध्यानकुटी बिहारमा नेपालको संघ नायक अग्ग सद्धम्म जोतिक धजः श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूबाट तथागत बुद्धको मूर्ति अगाडि दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको थियो । साथै त्यस सभामा शील प्रदान पनि गर्नुभएको थियो । सोही कार्यक्रममा युवा बौद्ध पुचः ख्वप (भक्तपुर) "YBAB" का अध्यक्ष श्री धर्मरत्न शाक्यज्यूले पुचःको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । पुचःका सल्लाहकार एवं नेपालका एक बौद्ध विद्वान श्री रत्नसुन्दर शाक्यज्यूले पुचः को संक्षिप्त इतिहास प्रकाश पार्नुभयो । त्यस अवसरमा बौद्ध संघ भक्तपुरका उपाध्यक्ष श्री संधरत्न शाक्यज्यूले शुभकामना मन्तव्य दिनुभयो । साथै बनेपा ध्यानकरी बिहारकै श्रद्धेय भिक्षु राहुलज्यूबाट शुभकामना मन्तव्य दिनुभयो भने सोही कार्यक्रमका प्रमुख अतिथि संघ नायक भिक्षु अश्वघोष महास्थविरज्यूबाट आफू अस्वस्थता बावजूदमा पनि गहकिलो मन्तव्य तथा शुभकामना मन्तव्यसँगै प्रमुख अतिथिको मन्तव्य दिनुभयो । "देश झन झन बिग्रीन्दै गएको छ , देशमा व्यक्तिहरू शिक्षित मात्र भए तर असल व्यक्तिहरू नभएको कारण देशको हालत नराम्रो भएको हो। त्यस कारण बुद्धको शिक्षा भनेको मान्छेलाई धर्माधिकारी बनाइ बौद्ध बनाउने होइन । असल मान्छे बनाउनको लागि मात्र हो भन्ने विचार प्रस्तुत गर्नुभयो । त्यसपछि कार्यक्रमको अन्तमा युवा बौद्ध पुचः ख्वप "YBAB"का अध्यक्षलेक सभापतिको मन्तव्यसँगै धन्यवाद ज्ञापन गरी पहिलो सेसन अन्त गर्नुभयो ।

**दोस्रो सेसनमा युवा बौद्ध पुचःको १३ सदशिय नयाँ कार्य समिति गठन गरेको थियो ।**

| | |
|---|---|
| **अध्यक्ष** | : धर्मरत्न शाक्य |
| **उपाध्यक्ष** | : रत्नसुन्दर शाक्य |
| **सचिव** | : तुल्सीकाजी मानन्धर |
| **सह-सचिव** | : ज्ञानबहादुर मानन्धर |
| **कोषाध्यक्ष** | : रमेश बज्राचार्य |
| **सह-कोषाध्यक्ष** | : संजय शाक्य |
| **सदस्य** | : शाक्यान शाक्य, डा. प्रकाश सुवाल, प्रताप मानन्धर, स्वयम्भूरत्न शाक्य, डा. संजिव प्रजापति, ल्याम्हः बज्र बज्राचार्य (किशोर), अर्जुन प्रजापति सर्व समितिबाट निर्वाचित भएकी थियो । |
| **संयोजक** | : त्रिरत्न शाक्य |
| **उप-संयोजक** | : सुगतरत्न बज्राचार्य |

# अनित्य जीवन

-डि.आर.शाक्य 'ऋषि' भक्तपुर

थ्व नर जनम, अथें फुना वनरे ।
गमलाया स्वाँथें, इवा: जुया: वन रे ।। थ्व नर जनम (१)
म्हिग: खना गुलिं प्राणी, ल्यना सुनं मच्वं रे ।
गुलि वल गुलि वन, था:तं सुनं मच्वं रे ।। (२)
थ्व नर जनम.....
जन्म जुक्व: प्राणी फुक्क: तोता वना च्वन रे ।
जिगु जिगु धका: हा: हाँ: मनु थ: हे त्वता वन रे ।। (३)
थ्व नर जनम...
ज्ञानी, गुणी, धनी गरिब सुनं ल्यना मच्वं रे ।
अयनं मनू थ:गु गुमान, त्वतय् मफया च्वन रे ।। (४)
थ्व नर जनम...
सुख: धका: धन द्रव्य, भायिया च्वन रे ।
अन्यस स्व:व मनू, छु ज्वना वनि रे ।। (४)
थ्व नर जनम..
लोकय् मनूं धर्म धका:, आदम्बर क्यन रे ।
पूजा पाठ: लोक धर्म, धाथें धर्म मखु रे ।। (६)
थ्व नर जनम....
गुलि कर्म थ:म्हं याक्व: थ: ल्यू ल्यू वई रे ।
वहे कर्म जीवनस, भिं मभिं जुइगु रे ।। (७)
थ्व नर जनम...
त:मि, चिमि गुलिं मनू, व:हे भाग्य धाल रे ।
भाग्य धा: धां गुलि मनू, लोभ: तृष्णाय् लात रे ।। (८)
थ्व नर जनम...
लोभ, तृष्णाय लापि मनू, मुक्ति ज्वी मखु रे ।
दु:खं मुक्ति जुइ य:सा, लोभ तृष्णा तोति रे ।। (९)
थ्व नर जनम...
थ्व:हे ज्ञान कंम्ह: मनू, बुद्ध जुया च्वंम्ह: रे ।
बुद्धं क्मीत कन ज्ञान, दु:खं मुक्त ज्वीत रे ।। (१०)
थ्व नर जनम

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०


# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिकको

## वार्षिक ग्राहक

भई सहयोग गरिदिनुहुन पाठकहरूमा

हार्दिक अनुरोध गर्दछ ।

साथै निरन्तर प्रकाशनको लागि लेख–रचना तथा

व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन

हार्दिक अनुरोध गर्दछ ।

## बौद्ध दर्शन अध्ययन समाज

## भक्तपुर